**AMNESTY INTERNATIONAL**

**एम्नेस्टी इन्टरनेसनल नेपाल**

AMNESTY INTERNATIONAL NEPAL SECTION

**नोमिनेसन कमिटि (सिफारिस समिति)**

**टर्मज् अफ रिफरेन्स**

एम्नेस्टी इन्टरनेसनल नेपालको विधान २०५८ को भाग ४ दफा १०.१ (ख) (६) को अधिनमा रही एम्नेस्टी नेपालको नेसनल बोर्डले नोमिनेसन कमिटिसम्बन्धी यो टर्मज् अफ रिफरेन्स बनाई लागू गरेको छ ।

**नोमिनेसन कमिटिको उद्देश्य**

नोमिनेसन कमिटिको उद्देश्य देहायबमोजिम हुनेछन् :

- नेसनल बोर्ड र अपिल कमिटिका लागि उचित, उपयुक्त र योग्य उम्मेदवारहरूको खोजी गर्ने;
- सिफारिस प्रकृयालाई व्यापक बनाई रिक्त रहेका पदहरूभन्दा बढी सङ्ख्यामा उचित, उपयुक्त र योग्य उम्मेदवारहरू भएको अवस्था श्रृजना गर्न योगदान पुर्‍याउनु;
- नेसनल बोर्ड र अपिल कमिटिका लागि सिफारिस गरिने उम्मेदवारका लागि आवश्यक शीप र योग्यता तथा सिफारिसका अवसरका बारेमा एम्नेस्टी नेपालभित्र प्रचार प्रसार भएको सुनिश्चित गर्ने ;
- नेसनल बोर्ड र अपिल कमिटिका लागि सिफारिस गरिएका उम्मेदवारहरूले विविधता र लैङ्गिक सन्तुलनलाई सम्बोधन गरेको सुनिश्चित गर्ने;
- नेसनल बोर्ड र अपिल कमिटिका लागि सिफारिस गरिएका उम्मेदवारहरू एम्नेस्टी नेपालको विधान र नियमावलीका प्रावधानहरू विपरित नभएको सुनिश्चित गर्ने;
- एम्नेस्टी अभियानलाई सञ्चालन गर्न आवश्यक पर्ने शीप र अनुभव भएको दक्ष नेसनल बोर्ड गठनका लागि प्रयत्न गर्ने;
- नेसनल बोर्ड र अपिल कमिटिमा सदस्य बन्नका लागि आवश्यक शीप र दक्षताहरू तयार गरी सोलाई अद्यावधिक गरी राख्ने;
- एम्नेस्टी नेपालअन्तर्गतको समग्र अभियान र वार्षिक साधारण सभालाई नेसनल बोर्ड, अपिल कमिटि र अन्य निर्वाचित वा नेसनल बोर्डद्वारा नियुक्त गरिने पदहरूका सम्बन्धमा सुझाव प्रदान गर्ने;
- एम्नेस्टी नेपाल सेक्सन र नेसनल बोर्डले अनुरोध गरेको खण्डमा आवश्यक सल्लाह, सुझाव र सहयोग उपलब्ध गराउने ।

माथि उल्लिखित भन्दा अन्य तवरमा नोमिनेसन कमिटिले निर्वाचन वा नियुक्ती प्रकृयामा भाग लिन पाउने छैन ।

**नोमिनेसन कमिटिका लागि सदस्यता**

- नेसनल बोर्डले राष्ट्रिय परिषद् बैठक हुनुभन्दा तीन महिना अघिदेखि काम थाल्नेगरी तीन सदस्यीय नोमिनेसन कमिटि गठन गर्नेछ जसमा एकजना संयोजक र अन्य दुई सदस्य रहने छन् । राष्ट्रिय परिषद् बैठकले नेसनल बोर्ड र अपिल कमिटिको निर्वाचन सम्पन्न गरेपश्चात उक्त नोमिनेसन कमिटि स्वत: विघटन हुनेछ;
- नोमिनेसन कमिटिको कोरमका लागि संयोजकसहित दुई जना उपस्थित हुनुपर्नेछ;
- कुनै पनि सदस्यले लगातार दुई कार्यकालभन्दा बढी नोमिनेसन कमिटिमा रहेर काम गर्न पाउने छैनन्;
- कुनै स्थान रिक्त भएको अवस्थामा नेसनल बोर्डले आवश्यकताअनुसार बाँकी अवधिका लागि रिक्त पदमा मनोनयन गर्न सक्नेछ ;
- आफू नोमिनेसन कमिटिमा रहेको अवधिमा र नोमिनेसन कमिटिबाट हटेको एक वर्षको अवधिसम्म एम्नेस्टी नेपालको कुनै पनि नेतृत्वदायी पदहरूमा निर्वाचित हुन, नियुक्त हुन वा मनोनित हुन पाइने छैन;

**AMNESTY INTERNATIONAL**

**एम्नेस्टी इन्टरनेसनल नेपाल**

- नोमिनेसन कमिटिको सदस्य एम्नेस्टी नेपालको कर्मचारी हुनेछैन र एम्नेस्टी नेपालअन्तर्गत पारिश्रमिक पाउने कुनै तहमा रहेर काम पनि गर्ने छैनन् ।

**कार्य शैली**

नोमिनेसन कमिटिले देहायबमोजिम आफ्नो जिम्मेवारी पुरा गर्नेछ :

- इमेल, टेलिकन्फरेन्स, फोन, वा अन्य उपयुक्त प्रविधिहरूको प्रयोगमार्फत आफ्नो छलफल र परामर्शहरू गरेर;
- आफ्नो उद्देश्य पुरा गर्नका लागि आवश्यकताअनुसारका बैठकहरू आयोजना गरेर;
- सचिवालय लगायत समूह तथा युथ नेटओर्कहरूमा आवश्यकताअनुसार परामर्श र सरसल्लाह गरेर;
- एम्नेस्टी नेपालको नेसनल बोर्ड र अपिल कमिटिका लागि उपयुक्त, उचित र दक्ष उम्मेदवारहरू पहिचान गर्नका लागि व्यापक रूपमा परामर्श गर्ने । यसरी परामर्श गर्ने सन्दर्भमा नोमिनेसन कमिटिले सचिवालय, नेसनल बोर्ड, अपिल कमिटि, समूहहरू, निर्माणाधिन समूहहरू, युथ नेटओर्क, एम्नेस्टी नेपालका सल्लाहकारलगायतसँग परामर्श र छलफल गरेर;
- एम्नेस्टी नेपालको रणनीतिक र सङ्गठनात्मक आवश्यकतालाई समेत मध्यनजर गर्दै विविधिकृत (diversified) उम्मेदवारी आह्वानको पहल गरेर;
- नेसनल बोर्ड र अपिल कमिटिका लागि उम्मेदावारी प्राप्त गर्ने अन्तिम मिति (deadline) निर्धारण गरेर;
- नेसनल बोर्ड र अपिल कमिटिका लागि परेका उम्मेदवारीहरूको योग्यता र दक्षता परीक्षण आदि गरी निर्वाचन प्रकृयाका लागि निर्वाचन समितिमा सिफारिस गरेर;
- नोमिनेसन कमिटिले राष्ट्रिय सचिवालयको प्रशासनिक सहयोगमा आफ्नो काम स्वतन्त्र ढङ्गमा गर्नेछ;
- नोमिनेसन कमिटिले आवश्यक सम्झेमा नेसनल बोर्डको अनुमतिमा कुनै बोर्ड मिटिङ्गमा सहभागिता जनाउन सक्नेछ । यसरी बोर्ड मिटिङ्गका क्रममा कमिटिले प्रश्नावलीहरू तयार गरेर वा बोर्डका सदस्यहरूसँग अन्तर्वार्ता गरेर बोर्डको वर्तमान कार्यशैली लगायत आगामी दिनमा बोर्डले लिनु पर्ने नयाँ दिशा तथा नेतृत्वशैलीका बारेमा परामर्श गर्न सक्नेछ । यसैगरी कमिटिले सचिवालयका निर्देशकसँग पनि आवश्यकतअनुसारका परामर्शहरू लिन सक्नेछ ।